श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२५ सालको ऐन नं. २०

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### राष्ट्रिय विमा संस्थानको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना:– देशको आर्थिक विकासको लागि आन्तरिक साधन र पूंजीको परिचालन गर्न तथा विदेशी मुद्राको व्ययभार रोक्नको लागि एक राष्ट्रिय विमा संस्थानको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपिमा मात्र लागु हुनेछ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम, बिस्तार प्रारम्भः– (१) यस ऐनको नाम "राष्ट्रिय विमा संस्थान ऐन, २०२५" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "संस्थान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय विमा संस्थान सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ६ अन्तर्गत गठन गरिएको सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "सञ्चालक" भन्नाले यो ऐन बमोजिम नियुक्त भएको संस्थानको सञ्चालक सम्झनु पर्छ । यो शब्दले प्रशासक र सहायक प्रशासकलाई समेत जनाउँछ ।

(घ) "जीवन विमा व्यवसाय" भन्नाले विमा ऐन, २०२५ मा परिभाषा गरिए बमोजिमको जीवन विमा व्यवसाय सम्झनु पर्छ ।

(ङ) "निर्जिवन विमा व्यवसाय" भन्नाले जीवन विमा व्यवसाय बाहेक विमा ऐन, २०२५ बमोजिम सञ्चालित निर्जिवन विमा व्यवसाय सम्झनु पर्छ ।

## परिच्छेद–२
## स्थापना, अधिकृत पूंजी र व्यवस्था

३. संस्थानको स्थापनाः– (१) राष्ट्रिय विमा संस्थान नामको एक संस्थानको स्थापना हुनेछ ।

(२) यो संस्थान अविछिन्न उत्तराधिकार भएको एक संगठित संस्था हुनेछ र यसले आफ्नो नामबाट नालिस उजूर गर्न र यस उपर पनि सोही नामबाट नालेस उजूर लाग्न सक्नेछ ।

(३) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरूको अधिनमा रही यस संस्थानले चल र अचल सम्पत्ति प्राप्त गर्ने, भोग गर्न र बेच बिखन गर्न सक्ने छ ।

(४) यस संस्थानको सबै कामको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

४. संस्थानको अधिकृत पूंजीः– (१) संस्थानको अधिकृत पूंजी एक करोड रूपैयाँको हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो रकमलाई सय सय रूपैयाँको एक लाख शेयरमा विभाजित गरिनेछ । संस्थानको चुक्ता पूंजी श्री ५ को सरकारको पूर्व स्वीकृति लिई समितिले जारी गरी उठाए बमोजिम हुनेछ ।

(२) श्री ५ को सरकारको स्वीकृति लिई संस्थानले आफ्नो अधिकृत पूंजी नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घटाउन बढाउन सक्ने छ ।

५. संस्थानको केन्द्रीय कार्यालय र शाखाः– (१) संस्थानको केन्द्रीय कार्यालय काठमाडौंमा रहने छ ।

(२) संस्थानले नेपाल अधिराज्यभित्र वा बाहिर जहाँसुकै पनि आफ्नो शाखा वा प्रशाखा स्थापित गर्न सक्ने छ ।

६. सञ्चालक समितिको गठन र सञ्चालकको पदावधिः– (१) संस्थानको सात जनासम्म सदस्य भएको एउटा सञ्चालक समिति हुनेछ र सो समितिमा बहुमत रहने गरी अध्यक्ष लगायत सञ्चालकहरूको नियुक्ती श्री ५ को सरकारले गर्ने छ र बांकी सञ्चालकहरू साधारण सभामा शेयरवालाहरूद्वारा नियुक्त हुनेछन् ।

(२) अध्यक्ष लगायत सञ्चालकहरूको नियुक्ति तीन वर्षको लागि हुने छ र कार्यविधि सकिए पछि पुनः नियुक्त हुन सक्ने छन् ।

(३) उप-दफा (२) मा जेसुकै लेखिएको भए तापनि शेयरवालाहरूद्वारा पहिलो पटक नियुक्त भएका सञ्चालकहरू मध्ये एक सञ्चालकले प्रत्येक वर्ष गोला प्रथाद्वारा अवकाश पाउने छ ।

(४) सञ्चालकहरूले समितिको बैठकमा उपस्थित भएको प्रत्येक दिनको निमित्त श्री ५ को सरकारले तोकिदिए बमोजिम पारिश्रमिक पाउने छन् ।

७. सञ्चालकको अयोग्यताः– देहायका अवस्थामा कुनै व्यक्ति सञ्चालकको पदमा नियुक्त हुन वा बहाल रहन पाउने छैनः–

(क) एक्काइस वर्ष उमेर नपुगेको, वा

(ख) बौलाएको वा मगज बिग्रेको, वा

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको, वा

(घ) सरकारी नोकरीको निमित्त भविष्यमा सामान्यतः अयोग्य ठहरिने गरी बरखास्त गरिएको, वा

(ङ) कुनै नैतिक पतन देखिने फौजदारी अपराधमा अदालतबाट सजाय पाएको, वा

(च) संस्थानको कुनै ठेक्का पट्टा वा करारमा कुनै प्रकारको निजी स्वार्थ भएको, वा

(छ) संस्थानको कर्मचारीकोरूपमा बहाल रहेको ।

८. सञ्चालकको पद रिक्त हुने व्यवस्थाः– (१) देहायको अवस्थामा सञ्चालकको पद रिक्त भएको मानिनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 469

(क) दफा ७ बमोजिम सञ्चालकमा रहन अयोग्य भएमा, वा

(ख) सञ्चालकको पदबाट दिएको राजीनामा श्री ५ को सरकारद्वारा स्वीकृत भएमा, वा

(ग) कुनै मनासिब माफिकको कारणले उपस्थित हुन नसकेको सूचना नदिई लगातार तीन पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा, वा

(घ) साधारणसभाको दुई तिहाई बहुमतले सञ्चालकलाई सो पदबाट हटाउने निर्णय गरेमा ।

(२) कुनै सञ्चालकलाई सो पदमा कायम राख्नु संस्थानको हितको निमित्त उचित छैन भन्ने लागेमा श्री ५ को सरकारले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

९. रिक्त स्थानको पूर्ति:- श्री ५ को सरकारद्वारा नियुक्त अध्यक्ष वा सञ्चालकको पद रिक्त हुन आएमा सो पदमा श्री ५ को सरकारले र शेयरवालाहरूद्वारा नियुक्त सञ्चालकको पद रिक्त हुन आएमा सो पदमा शेयरवालाहरूले नियुक्ती गर्ने छन् र त्यसरी नियुक्त भएको व्यक्ति आफ्नो साबिकवालाको बांकी अवधिसम्मको लागि बहाल रहने छ ।

१०. समितिको बैठक:- (१) अध्यक्षले आवश्यकतानुसार समितिको बैठक बोलाउने छ ।

तर, कुनै दुई बैठकको बीचको अवधि ३ महीनाभन्दा बढी नहुने गरी कम्तीमा वर्षमा ६ पटक त्यस्तो बैठक बोलाउनु अनिवार्य हुनेछ ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि छलफल गर्न खोजेको विषय सूची सहित कम्तीमा २ जना सञ्चालकले लिखित अनुरोध गरेमा अध्यक्षले सो अनुरोध बमोजिम बैठक बोलाउनु पर्छ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षको अनुपस्थितिमा सञ्चालकहरूले आफू मध्येबाट छानेको सञ्चालकले गर्ने छ ।

(४) बहु संख्यक सञ्चालकको उपस्थिति नभै समितिको बैठक हुने छैन ।

(५) समितिको निर्णय बैठकको बहुमतद्वारा हुनेछ र अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत समेत दिन सक्ने छ ।

(६) कुनै पनि सञ्चालकले आफ्नो निजी स्वार्थ भएको कुनै प्रस्ताव उपरको छलफलमा भाग लिन वा मत दिन पाउने छैन ।

११. व्यवस्था:- श्री ५ को सरकारको सामान्य निर्देशनका अधिनमा रही संस्थानको सबै काम कारवाईको रेखदेख र व्यवस्था समितिले गर्ने छ ।

१२. साधारण सभा:- (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महीनाभित्र समितिले शेयरवालाहरूको वार्षिक साधारण सभा बोलाउनु पर्छ र त्यस पछि पनि आवश्यकतानुसार सभा बोलाउन सकिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) ५१ प्रतिशत शेयरवालाहरू आफै वा प्रतिनिधिद्वारा उपस्थित नभई साधारण सभा हुन सक्ने छैन ।

(३) कुनै वार्षिक वा अन्य साधारण सभा बोलाइएकोमा उप-दफा (२) बमोजिमको उपस्थिति नभई सभा हुन नसकेमा समितिले त्यस्को सात दिनभित्र अर्को सभा बोलाई सक्नु पर्छ । त्यसरी बोलाइएको सभामा उपस्थित भएको शेयरवाला वा प्रतिनिधिहरूले गरेको निर्णय मान्य हुनेछ ।

(४) कुनै पनि संस्थानको सभामा निर्णय बहुमतबाट हुनेछ ।

(५) वार्षिक साधारण सभामा उपस्थित शेयरवालाहरूले संस्थानको गत वर्षको लाभ हानीको हिसाब, वासलात, लेखा परीक्षकको प्रतिवेदन र संस्थानको काम सम्बन्धी समितिको प्रतिवेदन उपर बिचार गर्नेछन् ।

(६) संस्थानको शेयरवालाले प्रत्येक शेयरको एउटा मतको हिसाबले मत दिन सक्नेछ ।

तर, जतिसुकै शेयर लिएको भए तापनि कुनै शेयरवालाले ५० भन्दा बढी मत दिन पाउने छैन ।

(७) कुनै पनि शेयरवालाले वार्षिक साधारण सभाको बैठकमा आफै उपस्थित नभै वा प्रतिनिधि नपठाइ मत दिन पाउने छैन ।

## परिच्छेद-३

## संस्थानको काम, कर्तव्य

१३. संस्थानको काम, कर्तव्यः- (१) यो ऐन र यस अन्तर्गत बनेका नियमहरूको अधिनमा रही बिमाको व्यवसाय गर्नु संस्थानको कर्तव्य हुनेछ ।

(२) उप-दफा (१) को सर्व सामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी संस्थानको काम र कर्तव्य देहाय बमोजिमको हुनेछः-

(क) जीवन बिमा वा अन्य बिमा व्यवसाय गर्ने,

(ख) पुनर्बिमा गर्ने गराउने,

(ग) संस्थानले अधिराज्यभित्र ठीक ठहराएको क्षेत्रमा लगानी गर्ने र सो लगानीको असूल उपर र सुरक्षाको लागि आवश्यक कदम लिने,

(घ) संस्थानले मनासिब सम्झेमा संस्थानसित धितो राखेको कुनै सम्पत्ति आफ्नो नियन्त्रणमा राख्न र त्यस्तो सम्पत्तिको सञ्चालन आवश्यक समयसम्म आफै गर्ने,

(ङ) चल-अचल सम्पत्तिको जमानतमा ऋण प्रदान गर्ने,

(च) संस्थानले ठीक ठहराएको संस्थानको सम्पत्ति धितो बन्धक राखी ऋण लिने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) संस्थानको कुनै सम्पत्ति भाडामा दिने, बिक्री गर्ने वा अन्य प्रकारबाट बर-बन्दोवस्त गर्ने,

(ज) अन्य संस्थानको शेयर र ऋण पत्रको निष्काशनमा सहायता गर्ने, ग्यारेण्टी र अण्डरराइट गर्ने तथा एजेन्सी व्यवसाय गर्ने,

(झ) संस्थानले मनासिव सम्झेमा विदेशमा लगानी गर्ने,

(ञ) अन्य संगठित संस्थानको शेयर पूंजीमा लगानी गर्ने,

(ट) एजेन्टहरू नियुक्त गर्ने र निजहरूलाई कमिशन दिने,

(ठ) ग्यारेण्टी प्रदान गर्ने,

(ड) शेयर, बण्ड, डिबेञ्चर, प्रतित-पत्र, चल अचल सम्पत्ति आदि खरीद बिक्री गर्ने, डिष्काउण्ट कमिशन लिने दिने तथा दलाली गर्ने,

(ढ) संस्थानलाई हित हुने जुनसुकै प्रकारको सम्बन्धित व्यवसाय गर्ने,

(ण) कुनै पनि राष्ट्रिय दातव्य, जन कल्याण संस्थान वा संस्थानको प्रत्यक्ष वा अप्रत्यक्षरूपले भलो हुने काम गर्ने र त्यसको लागि ग्यारेण्टी प्रदान गर्ने,

(त) संस्थानका स्थायी कर्मचारीहरूको निमित्त सञ्चयकोष, निवृत्तभरण, उप-दान तथा अन्य सुविधा प्रदान गर्नको लागि कोषको व्यवस्था गर्ने, र

(थ) ऋण पत्र र प्रिफरेन्स शेयर जारी गर्ने ।

## परिच्छेद–४
## कोष, हिसाब र लेखा परीक्षण

१४. संस्थानको कोषः– जीवन विमा कोष र निर्जिवन विमा कोष गरी संस्थानका दुई भिन्दा भिन्दै कोषहरू रहने छन्, जसमा क्रमशः जीवन विमा र निर्जिवन सम्बन्धी आम्दानी जम्मा गरिने छ । एक कोषबाट अर्को कोष सम्बन्धी दायित्व व्यहोर्न सकिने छैन ।

१५. हिसाबः– संस्थानको आम्दानी खर्चको हर-हिसाब श्री ५ को सरकारबाट स्वीकृत ढांचा र तरीकाअनुसार राखिने छ ।

१६. लेखा परीक्षणः– (१) लेखा परीक्षकको नियुक्ती वार्षिक साधारण सभाले गर्नेछ र निजको पारिश्रमिक सोही सभाले तोकिदिए बमोजिम हुने छ । त्यस्तो लेखा परीक्षकले नेपाल कानून बमोजिम लेखा परीक्षण गर्न इजाजत प्राप्त गरेको हुनु पर्छ ।

तर, पहिलो वार्षिक साधारण सभा नभएसम्मको लेखा परीक्षण श्री ५ को सरकारबाट खटाएको लेखा परीक्षकले गर्ने छ ।

(२) लेखा परीक्षकले संस्थानको जुनसुकै हिसाब र कागजात हेर्न जांच्न सक्नेछ र सो काममा सहयोग गर्नु संस्थानका सम्बन्धित सबै कर्मचारीको कर्तव्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

208

(३) लेखा परीक्षकले आफूले गरेको लेखा परीक्षणको प्रतिवेदनको एक प्रतिलिपि श्री ५ को सरकारमा र अर्को प्रतिलिपि संस्थानको साधारण सभामा पेश गर्ने छ र त्यस्तो प्रतिवेदनमा देहायका कुराहरू स्पष्ट उल्लेख भएको हुनु पर्छ ।

(क) संस्थानको बास्तबिक आर्थिक स्थिति देखिने गरी सबै आवश्यक कुराहरू स्पष्ट खुलाई ठीक तथा रीतपूर्वक वार्षिक हिसाब तथा लाभ हानिको खाता तयार गरिएको छ छैन,

(ख) मागिएको कुनै स्पष्टीकरण वा सूचना संस्थानले दिएको छ छैन र दिएको भए सो सन्तोषजनक छ छैन ।

(४) उप-दफा (३) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा साधारण सभाको राय लिई आवश्यक सुधार वा व्यवस्थाको लागि श्री ५ को सरकारले संस्थानलाई निर्देशन दिन सक्ने छ ।

१७. वासलात र लाभ हानिः- (१) संस्थानले प्रत्येक आर्थिक वर्षको वासलात र लाभ हानिको हिसाब वार्षिक साधारण सभामा पेश गर्नु पर्छ ।

(२) हरेक आर्थिक वर्षको अन्तमा सो वर्षमा हुन आएको मुनाफाबाट रिजर्भ, ह्रास, बोनस र यस्तै आवश्यक अरू रकम सारिसकेपछि समितिले तोकेको लाभांश वितरण गरिने छ ।

१८. विघटनः- कुनै कारणबश संस्थानलाई विघटन गर्नु पर्छ भन्ने साधारण सभामा दुई तिहाई बहुमतले निर्णयभई त्यसको कारण समेत खुलाई समितिले श्री ५ को सरकारमा प्रतिवेदन पेश गरेमा श्री ५ को सरकारले तोके बमोजिमको तरीकाले विघटन गर्न सक्नेछ ।

## परिच्छेद–५

## विविध

१९. काम कारवाई बदर नहुनेः- सञ्चालकको नियुक्ति वा समितिको गठनमा कुनै अनियमितता भएको वा कुनै सञ्चालकको पद रिक्त रहेको कारणले मात्र सञ्चालक वा समितिको कुनै काम कारवाई बदर हुने छैन ।

२०. कर्मचारीहरूको नियुक्तिः- (१) संस्थानले आफ्नो काम कारोबार सुचारुरूपले सञ्चालन गर्न प्रचलित कानूनको अधिनमा रही आवश्यकतानुसार कर्मचारी र सल्लाहकार नियुक्त गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम नियुक्त भएका व्यक्तिहरूको सेवाका शर्तहरू यो ऐन अन्तर्गत बनेको नियमहरूद्वारा व्यवस्थित गरिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. शेयरवालाको दायित्वः– शेयरवालाको दायित्व सीमित हुनेछ ।

२२. संस्थानको खाता बही र अन्य स्रेस्ता निरीक्षणः– कुनै मुद्दा मामिला वा अन्य कुनै कानूनी कारवाईको सिलसिलामा कुनै अदालत वा अधिकारीले संस्थानको काम नरोकिने गरी संस्थानको खाता बही वा अन्य कुनै स्रेस्ताको निरीक्षण गर्न सक्नेछ र त्यस्तो खाता बही वा स्रेस्ता त्यस्ता अदालत वा अधिकारी छेउ प्रस्तुत गर्नु संस्थान तथा संस्थानका सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

२३. संस्थानलाई निर्देशन दिने अधिकारः– राष्ट्र हित वा संस्थानको हितको लागि श्री ५ को सरकारले संस्थानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु संस्थान-को कर्तव्य हुनेछ ।

२४. हानी नोक्सानी बारे अधिकारीहरूको बचाउः– सञ्चालक वा संस्थानको अरू कुनै कर्म-चारीले यो ऐन र यस अन्तर्गत बनेको नियमहरू बमोजिम आफ्नो कर्तव्यको पालनको सिलसिलामा असल नियतले गरेको वा गर्न खोजेको कुनै काम कुराले हुन आएको वा हुने कुनै हानी नोक्सानीको निमित्त निज व्यक्तिगतरूपले जवाफदेही हुने छैन र यस सम्बन्धमा निजको बिरूद्ध कुनै अदालतमा कुनै किसिमको नालिस वा उजूर लाग्ने छैन ।

२५. अधिकार प्रत्यायोजनः– समितिले आफ्नो कर्तव्य र अधिकारहरू मध्ये केही कर्तव्य र अधिकार कुनै सञ्चालक वा सञ्चालकहरूको उप-समिति वा संस्थानका अरू पदाधिकारीले पालन तथा प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

२६. दण्ड सजायः– (१) कसैले जानाजानी वा बदनियत साथ यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरू बमोजिम आफूले गर्नुपर्ने कुनै काम कारवाई नगरी वा गर्न नहुने कुनै काम कारवाई गरी संस्थानलाई क्षति पुऱ्याएमा वा पुऱ्याउन उद्योग गरेमा नोक्सानी बिगो भए बिगो असूल गरी निजलाई तीन वर्षसम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(२) कसैले संस्थानको लिखित स्वीकृति नलिई कुनै बिवरण पत्र वा विज्ञापनमा संस्थानको नाम प्रयोग गरेमा निजलाई बढीमा छ महीनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(३) कसैले दफा १६ अन्तर्गत खटिएको लेखा परीक्षकलाई निजको काम काजमा बाधा पुऱ्याएमा वा त्यस्तो लेखा परीक्षकले कानून बमोजिम मागेको कागजपत्र वा सूचना कुनै मुनासिब कारण बिना नदिएमा निजलाई बढीमा एक हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप-दफा (१), (२) र (३) मा लेखिए देखि बाहेक कसैले जानाजानी वा बदनियत साथ यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूको अरू कुनै कुरा उल्लंघन गरेमा निजलाई एक हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

२७. राष्ट्रिय बिमा संस्थानको दायित्व र कामः– यो ऐन प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम स्थापित राष्ट्रिय बिमा संस्थान प्राइभेट लिमिटेडले गरेको कारोवार तथा दायित्व जति सबै यस ऐन अन्तर्गत गठन भएको संस्थानमा सर्ने छ र राष्ट्रिय बिमा संस्थानले गरेको काम कारवाई यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

२८. संस्थान र श्री ५ को सरकारको सम्बन्धः– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम संस्थानले श्री ५ को सरकारसंग वा श्री ५ को सरकारले संस्थानसंग सम्बन्ध राख्नु पर्दा श्री ५ को सरकार अर्थ मन्त्रालय मार्फत् राख्नु पर्छ ।

२९. नियमहरू बनाउने अधिकारः– (१) यो ऐनको उद्देश्य पूरा गर्न समितिले नियमहरू बनाउन सक्नेछ । तर श्री ५ को सरकारबाट स्वीकृत नभई ती नियमहरू लागू हुनेछैनन् ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्व सामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी संस्थानले खास गरी देहायका विषयहरूमा नियमहरू बनाउन सक्नेछः–

(क) समितिको बैठक बस्ने समय, स्थान र तत्सम्बन्धी कार्यविधि बारे,

(ख) समितिले संस्थानको अध्यक्ष वा सञ्चालक वा अन्य प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने बारे,

(ग) संस्थानका कर्मचारी र सल्लाहकारको नियुक्ति, प्रमोशन, सरुवा, बर्खासी पारिश्रमिक, निवृत्त भरण, उपदान, बोनस, आचरण अनुशासन र सेवा सम्बन्धी शर्तहरू बारे,

(घ) संस्थानको तर्फबाट गरिने ठेक्का-पट्टा कबुलियत सम्बन्धी शर्तहरू बारे,

(ङ) संस्थानको छाप चलाउने कार्यविधि बारे,

(च) समितिले गर्ने कामको तरीका बारे,

(छ) संस्थानले यो ऐन अन्तर्गत गर्नुपर्ने सबै कामकाजको व्यवस्था गर्ने बारे ।

३०. बचाउः– यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरू तथा बीमा ऐन, २०२५ र सो ऐन अन्तर्गत बनेका नियमहरूमा लेखिए जति कुरामा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मिति २०२५।७।९।६

आज्ञाले –

रमानन्दप्रसाद सिंह

श्री ५ को सरकारको का. मु. सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।